नेपाली राजदूतावास
**Embassy of Nepal**
Brussels, Belgium

**वैदेशिक रोजगार बचतपत्र निष्काशन सम्बन्धी नेपाल राष्ट्रबैंकको सूचना !!!**

रोजगारीका लागि मुलुक बाहिर गएका वा रोजगारीबाट फर्केको चार महिना अवधि ननाघेका नेपाली नागरिकहरु तथा विदेशमा वसोवास गर्ने गैरआवासीय नेपालीहरुले आर्जन गरेको विदेशी मुद्रालाई वैधानिक माध्यमबाट स्वदेश भित्र्याउने तथा ऋणपत्रमा लगानी गर्न प्रोत्साहन गरी राष्ट्र निर्माणमा पुंजी परिचालन गर्ने उद्देश्यले नेपाल सरकारको तर्फबाट नेपाल राष्ट्रबैकले २०६७ सालदेखि वैदेशिक रोजगार बचतपत्र निष्काशन गर्दै आएको छ । यसै सिलसिलामा नेपाल राष्ट्रबैंकले २०७३ चैत्र २ देखि २४ गतेसम्म १० प्रतिशत व्याजदर भएको वैदेशिक रोजगार बचतपत्र २०७८ "ग" को विक्री खुला गरेको जानकारी दिदैं विदेशमा वसोवास गर्ने गैरआवासीय नेपालीहरुमाझ सूचना प्रवाहको लागि अनुरोध भई आएकोले सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

बचतपत्रको विक्री सम्बन्धी सूचना, विक्रि एजेन्टहरुको नामावली र विक्री एजेन्टहरुका नेपालवाहिरका सम्पर्क व्यक्ति र सम्पर्क नम्बर यसैसाथ संलग्न छन । वचतपत्र सम्बन्धी अन्य जानकारी नेपाल राष्ट्रबैंकको Website www.nrb.org.np अन्तर्गत Public Debt को Foreign Employment Bond मा समेत उपलव्ध छ ।

नेपाली राजदूतावास, ब्रसेल्स
२०७३ चैत्र ०३ (१६ मार्च २०१७)

नेपाली राजदूतावास
ब्रसेल्स



----- **Address:** 210 Avenue Brugmann, 1050 Brussels, Belgium **Telephone:** 0032 2 346 26 58, **Fax:** 0032 2 344 13 61 **Email:** embn@skynet.be, eonbrussels@mofa.gov.np